जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २१२ | २०७८ साल चैत ११ गते शुक्रबार (25 Mar. 2022 Friday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : वीरगञ्ज नाकाको राजस्व... ३ पृष्ठमा : तीन तहकै निर्वाचनसम्म गठबन्धन ... ३ पृष्ठमा पुटिनले युक्रेनमा आक्रमण..

# सर्वाधिक पुरस्कार राशी भएको मेयर कप लिग सुरु

## उद्घाटन खेलमा डिफेन्डिङ च्याम्पियन बजाज खडक बिजयी





**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

जिल्लाकै सर्वाधिक पुरस्कार राशी भएको मेयर कप सप्तरी प्रिमियर लिग क्रिकेट प्रतियोगिताको चौंथो संस्करण बिहीबारदेखी राजविराजमा सुरु भएको छ ।

प्रतियोगिताको नगर प्रमुख शम्भु प्रसाद यादवले ब्याटिंग तथा उपप्रमुख साधना झाले बलिङ्ग गर्दै उदघाटन गरेका छन् । दुई पटक नो बल फ्यालेकी उपप्रमुख झाले तेश्रो बलमा भने नगर प्रमुख यादवलाई क्लिन बोल्ड गरिन् ।

प्रतियोगिताको उद्घाटन खेलमा डिफेन्डिङ च्याम्पियन बजाज खडक वारियर्सले राजविराज ब्रर्दशलाई चार बिकेटले पराजित गर्दै बिजयी शूरुआत गरेको छ ।

टस जितेर ब्याटिङ्ग रोजेको राजविराज ब्रर्दशले निर्धारित २० ओभरको खेलमा ८ बिकेट गुमाउँदै १ सय ३९ रन जोडेको थियो । जसमा अमित कुमार यादवले सर्बाधिक ३९, निरज यादवले २६ र प्रसान्त सिंहले २७ (अविजित) रनको योगदान गरे । बलिङ्ग तर्फ बजाज खडक वारियर्सका अरनिको यादव र रोबिन सिंहले समान ३/३ विकेट बाँडेका थिए ।

एक सय ४० रनको बिजयी लक्ष्य लिएर मैदानमा उत्रेका बजाज खडक वारियर्स १८ दशमलव ५ ओभर मै बिजयी लक्ष्य भेटाएको थियो । बजाज खडकका लागी राहुल मण्डलले सर्बाधिक ६६, अरनिको यादव ५० (अविजित) र श्रवण यादवले ११ (अविजित) रनको योगदान दिए ।

बलिङ्ग तर्फ राजबिराज ब्रर्दशका लागी अनुज कुमार चनरा र दिपेश कँडेलले समान २/२ विकेट लिएका थिए । उक्त खेलको म्यान अफ द म्याच बिजयी टिमका अरनिको यादव घोषित भए ।

प्रतियोगिताको विजेताले ट्रफिसहित ३ लाख र उप विजेताले १ लाख ५० हजार रुपैया पुरस्कार स्वरुप पाउनेछन ।

राजबिराज नगरपालिकाको प्रमुख सहयोग तथा क्रिकेट संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा खडक नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका, आईडियल सहकारी संस्था लि, प्रमजल पानी उधोग लगायतका संघ संस्थाले पनि

***बाँकी अन्तिम पृष्ठमा***

# लागूऔषधसहित भारतीय नागरिक पक्राउ



**दैनिक समाचारदाता**
**सर्लाही, १० चैत ।**

सर्लाही प्रहरीले एकजना भारतीय नागरिकलाई लागूऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य जिल्ला मधुवनी ग्राम पोष्ट बिरौल थाना खजौली वडा नं.१३ का २४ वर्षीय उमेश कुमार सिंह रहेको जिप्रका सर्लाहीले जनाएको छ ।

बुधबार राति करिब ८ बजे जिल्लाको पर्सा गाउँपालिका ६ स्थित प्रहरी चौकी पर्साबाट खटेको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा प्रदेश ३-०२-०११ प ७०३२ नम्बरको मोटरसाईकलाई चेकजाँच गर्दा सिंहलाई पक्राउ गरिएको प्रहरीको भनाई छ ।

सिंहको साथबाट प्रतिबन्धित लागूऔषध कोडिबेल सय एमएलको १ सय बोतल र डाइलेक्स डिसी ५० बोतल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जानकारी दिएको छ ।



## सम्पादकीय ....

# आगलागिका घटनाबारे सचेत रहौं र सचेत गराऔं

फागुनदेखी वैशाख महिनासम्म हावाहुरी आउने मौसम रहेकोले यस मौसममा आगलागि हुने प्रवल सम्भावना हुन्छ । सप्तरी जिल्लामा विगत र हालको अवस्थालाई मध्यनजर गर्दा यस मौसममा आगलागिका घटनाहरु हुने गरेको छ । जसकारण सयकडौं घर जल्ने गरेको छ भने मानविय क्षति पनि हुने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । यस मौसममा प्राय गरि ग्रामिण भेगका जनताहरु यसबारे अझ सचेत हुन सकेका छैनन् ।

हावाहुरी चल्ने बेला खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउनु आवश्यक छ । दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्ने काम नगरि सबेरै खाना पकाउने काम सम्पन्न गर्नुपर्ने हुन्छ । घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने उपाय अवलम्बन गर्नुपर्छ ।

सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थलाई बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसाल्नु उपयुक्त हुन्छ । घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसाल्नु आवश्यक छ । गुहालीमा घुर बाल्दा सावधानी अपनाउनु पनि उत्तिकै जरुरी छ । आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने लगायतका बानी बसालेमा आगलागिका घटनालाई न्युनिकरण गर्न सकिन्छ । तसर्थ आगलागिका घटनाहरुबारे आजैदेखी सचेत रही अरुलाई पनि सचेत गराउन अग्रसर हुनुपर्दछ ।

# वीरगञ्ज नाकाको राजस्व संकलनमा उलेख्य सुधार

वीरगञ्ज, १० चैत (रासस) ।

देशकै प्रमुख व्यापारिक नाका वीरगञ्ज क्षेत्रलाई प्रयोग गरी हुने विभिन्न वस्तुको आयात निर्यात बढेसँगै भन्सार कार्यालयको राजस्व सङ्कलनमा उलेख्य सुधार भएको छ ।

विश्वव्यापी महामारीको रुपमा देखा परेको कोरोना भाइरसको प्रभाव कम भएसँगै देशभित्रको उद्योग व्यापारले गति लिएपछि वीरगञ्ज नाकाको आयात निर्यात वृद्धि भई राजस्व सङ्कलनमा सुधार आएको हो ।

गत आर्थिक वर्षको दोस्रो चौमासिकको तुलनामा चालु आवको सोही अवधिमा वीरगञ्ज भन्सार कार्यालयले रु ३४ अर्बभन्दा बढी राजस्व सङ्कलन गरेको छ । आर्थिक वर्ष २०७७/०७८ को साउनदेखि फागुनसम्ममा रु एक खर्ब चार अर्ब ८९ करोड राजस्व सङ्कलन गरेको तुलनामा चालु आवको सोही अवधिमा कार्यालयले रु ३४ अर्ब पाँच करोड बढीअर्थात् रु एक खर्ब ३८ अर्ब ९४ करोड राजस्व सङ्कलन गरेको छ । यो समीक्षा अवधीको तुलनामा ३२.४६ प्रतिशतले बढी हो ।

वीरगञ्ज भन्सार कार्यालयलाई सबैभन्दा बढी राजस्व दिने डिजेल, पेट्रोल, खाना पाउने एलपी ग्यासलगायतका इन्धन र जिप, कारलागयतका सवारी साधन आयात बढेसँगै कार्यालयको राजस्वमा उत्साहजनक वृद्धि देखिएको भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो । उहाँले समीक्षा अवधिको तुलनामा चालु आवमा सवारी साधान आयातबाट २१ प्रतिशत र इन्धनको आयातबाट ३९ प्रतिशत बढी राजस्व सङ्कलन भएको बताउनुभयो ।

समीक्षा अवधिमा रु २२ अर्ब ८३ करोड मूल्यका विभिन्न सवारी साधन आयात हुँदा रु २५ अर्ब ७८ करोड राजस्व सङ्कलन भएको तुलनामा चालु आवमा रु २८ अर्ब १४ करोड मूल्यका सवारी साधन आयात हुँदा रु ३१ अर्ब तीन करोड राजस्व सङ्कलन भएको गुप्ताले जानकारी दिनुभयो ।

त्यसै गत आवमा रु ७० अर्ब ८२ करोड मूल्यको इन्धन आयात हुँदा रु ३९ अर्ब ३४ करोड राजस्व सङ्कलन भएको तुलनामा चालु आवको सोही अवधिमा रु एक खर्ब ३४ अर्ब ४८ करोड मूल्यको इन्धन आयात हुँदा रु ५४ अर्ब ३८ करोड राजस्व सङ्कलन भएको भन्सार कार्यालयले जनाएको छ ।

बढ्दो ब्याजदर र सीमा क्षेत्रमा हुने विभिन्न वस्तुको अवैध ओसारपसारलाई सरकारले नियन्त्रण गरे वीरगञ्ज नाकाको राजस्व सङ्कलनमा थप सुधार हुने उद्योगी व्यवसायीको भनाइ छ ।

# ९३.१ प्रतिशतले लगाए कोरोना भाइरसविरुद्धको खोप

काठमाडौं, १० चैत (रासस) ।

नेपाललाई कोरोना भाइरसविरुद्धको खोप सबैभन्दा बढी चीन सरकारले उपलब्ध गराएको छ । कोरोना रोकथाम तथा नियन्त्रणमा चीन सरकारले स्वास्थ्य सामग्रीसहित सबैभन्दा बढी खोप उपलब्ध गराएको हो ।

चीन सरकारले अनुदान, खरिद र सहयोग गरेर नेपाललाई विभिन्न समयमा कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराएको हो । चीनले सिनोफार्म कम्पनीको भेरोसेल खोप उपलब्ध गराएको छ ।

चीन सरकारले पटक-पटक गरी एक करोड ९७ लाख ३६ हजार ४०० मात्रा खोप नेपाल सरकारलाई उपलब्ध गराएको स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखाका वरिष्ठ फार्मेसी अधिकृत बादेबाबु थापाले जानकारी दिनुभयो ।

नेपालमा हालसम्म कूल चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा कोरोना भाइरसविरुद्धको खोप प्राप्त भएको छ । तीमध्ये चीन सरकारले एक करोड ९७ लाख ३६ हजार ४०० मात्रा खोप उपलब्ध गराएको हो ।

उहाँका अनुसार चीन सरकारसँग खरिद गरेर सरकारबाट सरकार (जिटुजी)मार्फत एक करोड, एशियाली विकास बैंकको ऋण सहायतामा ५९ लाख ३६ हजार ४००, अनुदानमा ३४ लाख मात्रा खोप उपलब्ध गराएको हो । यस्तै एक लाख चिनियाँ रेडक्रमले नेपाल रेडक्रसलाई र तीन लाख मात्रा चीनले नेपाली सेनालाई उपलब्ध गराएको छ ।

नेपालमा अहिलेसम्म लक्षित जनसङ्ख्याको ९३.१ प्रतिशतले पहिलो मात्रा र ८१.६ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । यस्तै चीन सरकारले ३४ लाख सिरिञ्ज पनि उपलब्ध गराएको छ । चीनसहित छिमेकी मुलुक भारत, अमेरिका, जापानलगायत देशले पनि कोरोना भाइरसविरुद्धको खोप उपलब्ध गराएका छन् ।

यस्तै चीन सरकारले नयाँ बानेश्वरस्थित सिभिल अस्पताल र चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल निर्माण गर्नसमेत सहयोग गरेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तै हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# तीन तहकै निर्वाचनसम्म गठबन्धन रहन्छ : प्रचण्ड

चितवन, १० चैत (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तीनै तहको निर्वाचनसम्म गठबन्धन जारी रहने बताउनुभएको छ । माडी नगरपालिका-९ राईडाँडामा कुसुमखोला नमूना चेपाङ बस्तीको बिहीबार उद्घाटन गर्दै उहाँले आन्तरिक शक्ति बलियो बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो ।

स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनमा अहिलेको सत्ता गठबन्धनसँगै अघि बढ्ने भन्दै उहाँले गठबन्धन हुँदै गर्दा पनि आन्तरिक शक्ति बलियो हुनुपर्ने बताउनुभयो । आउँदो निर्वाचनमा पार्टीलाई बलियो सावित गर्न गाउँ तहमा सङ्गठन बलियो बनाउनुपर्नेमा उहाँको जोड थियो । गएको निर्वाचनमा आफूले गरेको बाचा पूरा हुने चरणमा गएको भन्दै उहाँले बाँकी रहेका केही योजना एक वर्षभित्रमा सम्पन्न हुने बताउनुभयो । माडी उहाँको निर्वाचन क्षेत्र हो । पूर्वाधारका धेरै काम सम्पन्न भएको उहाँको भनाइ थियो । प्रचुर सम्भावना बोकेको माडीको बिकासमा आफू लागिपरेको दाहालले बताउनुभयो ।

सो स्थानमा ८६ घर रहेका छन् । संसद् बिकास कोष, माडी नगरपालिका र दाताहरूको सहयोगमा ती घर निर्माण गरिएका हुन् । यसअघि उहाँले रु पाँच करोड ३७ लाखमा सम्पन्न माडी नगरपालिका-२ को पाँच किलोमिटर लामो चिरौली सडक उद्घाटन गर्नुभएको थियो । गत वर्ष उहाँले सो सडकको शिलान्यास गर्नुभएको थियो ।

सङ्घीय सरकार र माडी नगरपालिकाको बजेटबाट सडक निर्माण गरिएको हो । दाहालले बिहीबारै माडी नगरपालिका-७ र ८ जोड्ने हुलाकी सडकमा निर्माण गरिएको परुईखोलाको पुलको उद्घाटन गर्नुभएको थियो । दाहालको निर्वाचन क्षेत्र हेर्दै आउनुभएकी निशा न्यौपानेका अनुसार सो सडकमा निर्माणाधीन १३ वटा पुलमध्ये गत साल एउटा सम्पन्न भएको थियो । बाँकी ११ पुल निर्माणाधीन अवस्थामा रहेका छन् । माडीका अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गरेर दाहाल दिउँसो भरतपुर फर्कने कार्यक्रम रहेको छ ।

# गठबन्धनभित्र विन-विनको सिद्धान्तका आधारमा चुनावी तालमेल हुन्छ : अध्यक्ष नेपाल

जनकपुर, १० चैत (रासस) ।

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गठबन्धनभित्र 'बिन-बिन'को सिद्धान्तका आधारमा चुनावी तालमेल हुने बताउनुभएको छ ।

धनुषाको जनकपुरमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "गठबन्धनमा रहेका दलबीच बिन-बिनको सिद्धान्तका आधारमा चुनाबी तालमेल गर्ने गरी छलफल भइरहेको छ ।"

अध्यक्ष नेपालले गठबन्धनमा सहभागी सबै दलको उचित मर्यादा, सम्मान र स्थान दिएर तालमेल गर्ने विषयमा हामी इमान्दार छौं भन्दै गठबन्धनभित्र विचारमा विविधता देखिए पनि स्थानीय तहको निर्वाचनमा तालमेल गर्ने बिषयमा कुनै बिबाद नरहेको बताउनुभयो । गठबन्धनभित्र सिट बाँडफाँटको विषयमा छलफल जारी रहेको उहाँले जानकारी दिनुभयो ।

"गठबन्धनको अवस्था के हुन्छ भन्ने चिन्ता गर्ने पार्टी हाम्रो होइन्", अध्यक्ष नेपालले भन्नुभयो", हरेक पार्टी आ-आफ्नो शक्ति र सामर्थ्यका आधारमा चुनाव लड्न तयार छ, हुनु पनि पर्छ ।" अध्यक्ष नेपालले आवश्यकता पऱ्यो भन्ने 'बिन बिन' का आधारमा सबै दलको उचित मर्यादा, सम्मान र स्थान दिएर तालमेल गरेर जान तयार छौं भन्नुभयो ।

अध्यक्ष नेपालले वर्तमान गठबन्धन सरकारले नै तीनै तहको निर्वाचन सम्पन्न गर्ने उल्लेख गर्दै सरकारका केही मन्त्री फेरिए पनि गठबन्धन सरकारमा कुनै खासै परिवर्तन नहुने बताउनुभयो । आफ्नो पार्टीप्रति जनताको दिनदिनै आकर्षण बढ्दै गएकाले आगामी स्थानीय तहको निर्वाचनमा धेरै स्थानमा जित्ने बताउँदै उहाँले नेता-कार्यकर्तामा देखिएको उत्साहले पार्टीको भविष्य उज्जवल रहेको उल्लेख गर्नुभयो ।

राजनीति व्यापक सम्भावनाको खेल हो, भोलि निर्वाचनमा नेकपा एमालेसँग पनि तालमेल हुनसक्छ कि ? भन्ने सञ्चारकर्मीको जिज्ञासामा अध्यक्ष नेपालले भन्नुभयो, "एमालेसँग कुनै प्रकारको तालमेल गर्ने सम्भावना छैन ।" एमालेका नेताको अभिव्यक्ति र व्यवहारका कारण न त उहाँहरूसँग तालमेल हुन्छ न त अन्य कुनै प्रकारको सहकार्य नै हुन्छ, उहाँले बताउनुभयो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### पुटिनले युक्रेनमा आक्रमण गरेर 'ठूलो गल्ती' गरे : नेटो प्रमुख

ब्रसेल्स, १० चैत (रासस-एएफपी) ।

नेटोका प्रमुख जेन्स स्टोल्टेनबर्गले बिहीबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा आक्रमण गरेर "ठूलो गल्ती" गरेको आरोप लगाएका छन् । "राष्ट्रपति पुटिनले ठूलो गल्ती गरेका छन् र त्यो भनेको स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्र विरुद्ध युद्ध शुरु गर्नु हो," उनले भने ।

उनले युक्रेनी जनताको शक्ति, युक्रेनी जनता र उनीहरुको सशस्त्र बलको बहादुरीलाई कम मूल्याङ्कन गरेका छन्, स्टोल्टेनबर्गले ब्रसेल्समा शिखर सम्मेलन शुरु हुनुअघि भनेका छन् ।

स्टोल्टेनबर्गले जनाएअनुसार अमेरिकी नेतृत्वको सैन्य गठबन्धनका नेताले पूर्वीसदस्य रोमानिया, हंगेरी, स्लोभाकिया र बुल्गेरियामा नयाँ तैनाथीलाई सहमति दिएर "लामो अवधिमा हाम्रो प्रतिरोध र रक्षाको पुन:स्थापनाको आवश्यकतालाई सम्बोधन गरिनेछ ।"

### नेटोले युरोपमा थप सैनिक पठाउने

ब्रसेल्स, १० चैत (रासस/सिन्ह्वा) ।

उत्तर एटलान्टिक सन्धी संगठन, नेटोले पूर्वीयुरोपमा थप सैन्य पठाउने जानकारी गराएको छ ।

नेटोका महासचिव जेन्स स्टोल्टबर्गले पूर्वीयुरोपमा थप सैनिक पठाउने विषयमा कुराकानी भइरहेको र सम्भवत नेटो आवद्ध राष्ट्रले यसलाई सहमति प्रदान गर्ने बताउनुभयो ।

नेटोको आसन्न सम्मेलनको पूर्वसन्ध्यामा ब्रसेल्समा अयोजित एक पत्रकार सम्मेलनमा उहाँले सो धारणा राख्नुभएको हो ।

उहाँले हाल युक्रेनमा रुसले जारी राखेको आक्रमणलाई पनि मध्यनजर राख्दै पूर्वी युक्रेनमा थप सैनिकको आवश्यकता रहेको आफ्नो बिचार व्यक्त गर्नुभयो ।

उहाँले सो पत्रकार सम्मेलनमा भन्नुभयो, मलाई लाग्छ अहिले पूर्वीयुरोपमा थप सैनिक आवश्यकता छ, यो योजनालाई हामीले प्रस्तुत गर्नेछौं र नेटो आबद्ध राष्ट्रले यसलाई समर्थन गर्नुहुने छ ।

### भारतमा कोरोनाभाइरसका दैनिक सङ्क्रमित दुई हजारभन्दा कम

नयाँदिल्ली, १० चैत (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या दिनप्रति दिन घट्दै गइरहेको छ। भारतमा पछिल्लो २४ घण्टामा दुई हजारभन्दा कम सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ ।

भारतमा हाल सक्रिय सङ्क्रमितको संख्या २३ हजार ८७ पुगेको अधिकारीले जनाएका छन् । सक्रिय सङ्क्रमितको यो सङ्ख्या कूल सङ्क्रमितको ०.०६ प्रतिशत रहेको समाचारमा जनाइएको छ। यद्यपी बुधबार सार्वजनिक भएको तथ्याङ्कअनुसार सक्रिय सङ्क्रमितको संख्या २२ हजार ४२७ रहेको थियो ।

स्वास्थ्य मन्त्रालयका अनुसार सोही अवधिमा दुई हजार ५३१ कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि घट्दै गइरहेको हो ।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि सङ्क्रमणमुक्त भइसकेकाको सङ्ख्या चार करोड २४ लाख ७५ हजार ५८८ पुगेको छ। भारतमा कोरोना भाइरस सङ्क्रमण मुक्त दर ९८.७४ प्रतिशत रहेको समाचारमा जनाइएको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाभाइरस सङ्क्रमणका कारण ६७ को मृत्यु भएको सो मन्त्रालयले जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना शुरु भएदेखि हालसम पाँच लाख १६ हजार ६७२ को मृत्यु भइसकेको छ ।

भारत सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म कोरोना भाइरसविरुद्धको एक अर्ब ८२ करोड २३ लाख ३० हजार ३६५ डोज खोप लगाइएको छ ।

### उत्तर कोरियाले अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल प्रहार गऱ्यो : दक्षिण कोरियाली राष्ट्रपति

सोल, १० चैत (रासस-एएफपी) ।

उत्तर कोरियाले बिहीबार अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल (ICB:) प्रहार गरेको दक्षिण कोरियाका राष्ट्रपति मुन जे-इनले भने बताउनुभएको छ। प्योङयाङले सन् २०१७ यता पहिलो पटक यस्तो शक्तिशाली हतियार प्रक्षेपण गरेको बताइएको छ ।

यो "अध्यक्ष किम जोङ अनले अन्तरराष्ट्रिय समुदायलाई प्रतिज्ञा गरेको अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र प्रक्षेपणको निलम्बनको उल्लंघन हो," मुनले एक बिज्ञप्तिमा उल्लेख गर्नुभएको छ ।



व्यवस्थापनद्वारा गरिएको चरम लापरवाहीको नमूना । राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका भवनहरुको आवश्यक रेखदेख र संरक्षण गर्न नसक्दा भित्ता भित्तामा विभिन्न प्रजातीका रुखहरु उम्रिएको छ । *तस्बिर : राजबिराज दैनिक*

# निर्वाचनका लागि एकीकृत सुरक्षा नीति

काठमाडौँ, १० चैत (रासस) ।

सरकारले स्थानीय तह निर्वाचन निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न ‘स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा नीति’ ल्याएको छ ।

गृहमन्त्री बालकृष्ण खाँणको अध्यक्षता बिहीबार बसेको सुरक्षा समितिको बैठकले ‘स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा नीति’ पारित गरेको हो । “बैठकले निर्वाचनका लागि आवश्यक पर्ने एकीकृत सुरक्षा नीति पारित गरेको छ”, गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले भन्नुभयो, “अब स्थानीय तह निर्वाचन र अन्य निर्वाचन पनि त्यही सुरक्षा नीतिअनुरुप सम्पन्न गर्न सजिलो हुन्छ । निर्वाचन निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न यो नीतिले सहयोग पुऱ्याउँछ ।”

बैठकमा सुरक्षा निकायका प्रमुखहरूले वर्तमान सुरक्षा अवस्था र निर्वाचनमा सम्पन्न गर्न गर्नुपर्ने कार्यबारे आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । उहाँका अनुसार आगामी सुरक्षा चुनौती र ती चुनौतीलाई सम्बोधन गर्न अपनाउनुपर्ने रणनीतिबारे पनि छलफल भएको थियो ।

बैठकमा शुक्रबारदेखि हुने चिनियाँ विदेशमन्त्री वाङ यीको तीनदिने नेपाल भ्रमणमा सुरक्षाको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा पनि छलफल भएको जनाइएको थियो । बैठकमा गृहमन्त्री खाँणले चिनियाँ विदेशमन्त्री वाङको भ्रमणका बेला आवश्यक सुरक्षा गर्न सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभकामा भ्रमण शान्तिपूर्णरूपमा सम्पन्न गर्न कार्ययोजना बनाइएको उहाँहरूले जानकारी गराउनुभएको थियो ।

बैठकमा गृहसचिव टेकनारायण पाण्डे, रक्षासचिव किरणराज शर्मा, नेपाली सेनाका रथी बालकृष्ण कार्की, नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा, सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख यदुनाथ खरेल, गृहप्रवक्ता पोखरेललगायतको सहभागिता थियो ।

# मधेसमा विद्युत् महसुल नतिर्ने १२ हजार ८३३ ग्राहकको लाइन काटियो

जनकपुर, १० चैत (रासस) ।

मधेस प्रदेशमा लामो समयदेखि विद्युत् महसुल नतिर्ने १२ हजारभन्दा बढी ग्राहकको विद्युत् लाइन काटिएको छ ।

विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका अनुसार विद्युत् उपभोग गरे पनि लामो समयसम्म विद्युत् महसुल नबुझाउने १२ हजार ८३३ ग्राहकको विद्युत् लाइन काटिएको छ । मधेस प्रदेशका आठवटै जिल्लास्थित वितरण केन्द्रबाट खटिएको टोलीले चालु आर्थिक वर्षको सात महिनाको अवधिमा विद्युत् महसुल नबुझाउने ग्राहकको लाइन कट्टा गरी रु ६४ करोड ३५ लाख महसुल सङ्कलन गरिएको विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालयका प्रमुख इ मुनिन्द्र ठाकुरले जानकारी दिनुभयो ।

लाइन कट्टा गरिएकामध्ये नौ हजार ७१४ जनाले पुनः लाइन जडान गरेको र त्यसबाट रु ४२ करोड ९२ लाख ३९ हजार १९० राजस्व सङ्कलन भएको प्रमुख इ ठाकुरले बताउनुभयो । विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढ्काले विद्युत् लाइन काट्ने अभियान चलाइएको उहाँको भनाइ छ ।

यस्तै विद्युत् चुहावट नियन्त्रण अभियान सञ्चालन भएपछि मधेस प्रदेशमा चालु आर्थिक वर्षको सात महिनामा करिब चार प्रतिशत विद्युत् चुहावटमा कमी आएको छ । विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय मातहतका वितरण केन्द्रले चुहावट नियन्त्रणका लागि अभियान चलाएपछि चालु आर्थिक वर्षको साउनदेखि माघ महिनासम्ममा विद्युत् चुहावट तीन दशमलव ८२ प्रतिशतले घटेको छ ।

गत आर्थिक वर्षमा १६ दशमलव १२ प्रतिशत विद्युत् चुहावट भएकामा चालु आर्थिकको सात महिनाको अवधिमा विद्युत् चुहावटलाई १२ दशमलव तीन प्रतिशतमा झारिएको विद्युत् प्राधिकरणले जनाएको छ । सबैभन्दा बढी सिरहाको लहान वितरण केन्द्रले १३ दशमलव ९७ प्रतिशत चुहावट नियन्त्रण गरेको छ भने सबैभन्दा कम सर्लाहीको मलङ्गवा वितरण केन्द्रले चार प्रतिशत विद्युत् चुहावट नियन्त्रण गरेको प्रमुख इ ठाकुरले जानकारी दिनुभयो ।

यसरी हेर्दा मधेस प्रदेशमा विद्युत् चुहावट नियन्त्रण अभियानबाट विगत सात महिनाको अवधिमा रु ३४ करोड बराबरको विद्युत् चुहावट घट्केो अनुमान गरिएको छ । सो अवधिमा चुहावट नियन्त्रण अभियानअन्तर्गत विद्युत् हुकिङ गर्ने एक हजार ५९० लाई पक्राउ गरी तिनीहरूबाट जरिबानाबापत रु तीन करोड ४८ लाख राजस्व सङ्कलन भएको प्रमुख इ ठाकुरले बताउनुभयो ।

# कोभिड बिरुद्ध जनचेतनामूलक सडक नाटक सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

कोरोना भाइरस कोभिड १९ बिरुद्ध सचेतना तथा नियन्त्रण सम्बन्धी सडक नाटक बिहीबार राजविराजमा सम्पन्न भएको छ ।

हाल पनि कोरोनाको तेश्रो लहर कायमै रहेकोले सोबाट बच्नका लागि सरसफाई, खानपिन र व्यबहार परिवर्तन सम्बन्धी नाटकको माध्यमबाट सचेतना गराइएको छ ।

सो नाटकका संयोजक जिवछ दास, कलाकार डिपि शास्त्री, श्रीनारायण ठाकुर, रमिला साह, हरेराम दास, दशमी यादव, देवकरण दास लगायतका कलाकारहरुले नाटकमा अभिनय गरेका थिए ।

सेभ द सगरमाथा सप्तरीको आयोजनामा, राजविराज नगरपालिका वडा नं. ४ का अध्यक्ष अख्तर बाबाको अध्यक्षता, राजविराज नगरपालिकाका उपप्रमुख साधना झाको प्रमुख आतिथ्य तथा कार्यकारि अधिकृत रेवती रमण शर्माको विशिष्ठ आतिथ्यमा सो नाटक मञ्चन गरिएको थियो ।

# अग्निपीडितलाई जस्तापाता प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

सप्तरीको अग्निसाईर कृष्णासवरन गाउँपालिकास्थित टेगरीका ११ अग्निपीडित परिवारलाई बिहीबार राहत वितरण गरिएको छ ।

घोषिन यादव उत्थान मंच नेपालद्वारा घर निर्माण गर्नका लागि जस्तापाता राहत रुवरुप प्रदान गरिएको हो ।

घोषिन यादव उत्थान मंच नेपालका केन्द्रीय अध्यक्ष सोभितलाल पघैया यादवले पीडित परिवारहरुलाई १० देखि ६ पिसका दरले घर निर्माणका लागि जस्तापाता बितरण गरिएको मचका पुर्व सचिव मनोज तेथबारले जानकारी दिए ।

त्यस्तै अग्निपीडित १३ जना बालबालिकालाई एक दर्जन कापी, १० थान डट, १० थान पेन्सील, २ थानका दरले कटर र एक थान इलेजरलगायत शैक्षिक सामाग्रि प्रदान गरेको छ ।

गत फागुन २८ गते राती सो बस्तीमा आगलागी हुँदा १३ परिवारका २८ घर जलेर नष्ट भएको थियो ।

## सर्वाधिक पुरस्कार ...

सहयोग गरेको आयोजक क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

चैत १६ गतेसम्म चल्ने प्रतियोगितामा बजाज खडक वारियर्स, टिभिएस किंग्स राजविराज, राजविराज ब्र्दश, राजविराज किंग्स र तिलाठी कोईलाडी जायन्टस गरी कुल पाँच टिमको सहभागिता रहेको छ ।

करिब ५० लाख खर्च हुने अनुमान गरिएको प्रतियोगितामा सहभागि टिमका खेलाडीहरुको डाक बढाबढ अक्सन मार्फत छनौट गरिएको थियो ।

प्रतियोगितामा प्रत्येक टिममा राष्ट्रिय र स्थानीय खेलडीहरुको मिश्रण गरी टिम तयार पारिएको छ । प्रतियोगिताको निर्णायक तथा स्कोररमा कमलेश ठाकुर, योगेश देव, निरज सिंह, मुकेश साह, शम्भु दास, पवन दास लगायतको प्राविधीक रहेको आयोजक समितीले जनाएको छ ।

क्रिकेट संघ सप्तरीका अध्यक्ष श्रेष्ठको अध्यक्षतामा आयोजित उदघाटन समाहरोमा नगर प्रमुख यादव, उपप्रमुख झा, प्रजिअ जर्नादन गौतम, नेपाल खेलकुद पत्रकार मंच सप्तरीका अध्यक्ष मनोज माझी, प्रेस मंचका महासचिव अवधेश झा लगायतको उपस्थिती रहेको थियो ।

# हार्दिक समवेदना

**सुकुमार साह**

तेली कल्याण समाज नेपालका कोषाध्यक्ष र साह सेवा सदनका सहसचिव **सुकुमार साह**को २०७७ चैत ९ गते ६५ वर्षको उमेरमा असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक सम्वेदना प्रकट गर्दछौं ।

**दुर्गा प्रसाद साह**
**अध्यक्ष**
**साह सेवा सदन**

**रामचन्द्र साह**
**अध्यक्ष**
**तेली कल्याण समाज नेपाल**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमाल रेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*